"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०७७/०७८
चलानी नं. : २६६

मिति २०७७/०५/२८

विषय : विद्यार्थी सिकाइ सहजीकरण सम्वन्धमा ।

श्री सवै सामुदायिक तथा संस्थागत विद्यालयहरु
नमोवुद्ध न.पा. भकुण्डेवेशी, काभ्रेपलाञ्चोक ।

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७७।५।१९ मा जारी गरिएको विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ को कार्यान्वयनको सन्दर्भमा तपसिल बमोजिम गर्नुहुन अनुरोध छ ।

तपसिल

१. निर्देशिकाको निर्देशन नं ३ अध्ययन गरी सो को आधारमा निम्न अनुसारको ढाँचामा विबरण नगरपालिका शिक्षा शाखामा वा yesis.namobuddha2076@gmail.com मा मिति २०७७ असोज ५ गतेसम्म उपलब्ध गराउने ।

विद्यार्थी अभिलेख

विद्यालयको नाम र ठेगाना

कक्षा

| क स | विद्यार्थीको नाम | आमाको नाम | बाबुको नाम | पेशा | ठेगाना | सम्पर्क नं | स्रोत साधनको पहुँचको अवस्था | विद्यार्थीको समुहकृत बर्ग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

२. निर्देशिकाको निर्देशन नं ४ अनुसारको सिकाई समय तालिका, सिकाइ केन्द्र, सिकाइका लागि तोकिएको शिक्षक, सिकाइमा समावेश हुन सक्ने संख्या र सिकाइ मोडालिटि समेत विद्यालय व्यवस्थापन समिति र स्थानीय जनप्रतिनिधि सहितको सहकार्य सहमतिमा तयार गरी नगरपालिका वा yesis.namobuddha2076@gmail.com मा मिति २०७७ असोज ५ गतेसम्म पेश गरी सो को स्वीकृति पछि मात्र सिकाइ सहजीकरण गर्ने ।

३. निर्देशिकाको निर्देशन नं १० अनुसार सिकाइ पाठ्यबस्तुलाई समायोजन गर्न आवश्यक कार्य शुरु गर्ने।

४. बालबालिकाले विविध माध्यमबाट हालसम्म प्राप्त गरेका सिकाइको मूल्यांकन गर्ने र आगामी सिकाइका लागि मूल्यांकन योजना तथा साधन विकास गर्ने ।

५. कक्षा १ को नयाँ पाठ्यक्रमको अभिमुखीकरण मिति २०७७।६।३ गते ११ बजेबाट google meet वा zoom मार्फत गरिने भएकोले सो समयमा सबै प्राथिमक तहका शिक्षक र प्र अ ज्युहरु अनिवार्य रुपमा सहभागि हुनु पर्ने । सो को सहजीकरण जनहित माध्यमिक विद्यालयका शिक्षक तथा अन्य विज्ञबाट हुनेछ । meeting id वा link शुक्रवार साँझसम्म प्राप्त हुनेछ ।

# थप जानकारीको लागि विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका २०७७ अध्ययन गर्नुहुन समेत अनुरोध छ ।

(जनार्दन रिजाल)
उप सचिव